**शितगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ठाडा, अर्घाखाँची**

**५ नं प्रदेश, नेपाल**

## ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन एवं विकी गर्ने कार्यको शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७६/११/४

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को खण्ड (६), दफा ६४ को उपदफा १ (च), ५ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१), अनुसूची ६, शितगंगा नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७६, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, राष्ट्रपती चुरे तराई मधेस संरक्षण विकास समितिको सहमती र शितगंगा नगरपालिकाको निर्णयानुसार तोकिएका नदि खोलाहरुको स्वीकृत घाट क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थको नगरपालिकाबाट तोकेको दररेट एंव स्थानबाट बिक्री गर्नु पर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही निम्नानुसारको न्यूनतम ठेक अंकमा नघट्ने गरी तपशिलमा उल्लेखित अवधिसम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुंदा इच्छुक मूल्य अभिबृद्धी करमा दर्तावाला व्यवसायी, फर्म व्यक्तिहरुबाट आफूले लिन चाहेको ठेक्काको दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) यस शितगंगा नगरपालिकाको नाममा ग.वा. बैंक, सन्धिखर्क शाखामा रहेको ३०५०३०४०१८१०७ मुल खातामा जम्मा गरी सोको सक्कल भौचर वा यसै कार्यालयमा नगदै बुझाई मिति २०७६ ११ १८ गते कार्यालय समय भित्र छुट्टाछुट्टै दरभाउपत्र खरिद गरी आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा आफूले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा ग.वा. बैंक, सन्धिखर्क शाखामा रहेको ३०५०३०३००७१०७ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा ७५ दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड दरभाउपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्रदाताको सही छाप गरी मिति २०७६ ११ १९ गते दिनको १२ :०० बजे भित्र दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुहुन र पेश हुन आएका दरभाउपत्रहरु सोही दिनको २ :०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । थप जानकारीका लागि नगरपालिकाको सूचना पाटीमा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**१. आन्तरीक बिक्री तर्फ : (ढुंगा, गिट्टी, वालुवा र मिस्कट)**

| ठेक्का नं आ व ०७६ ०७७ | नदी खोला घाटको नाम | उत्खनन गर्न सकिने परिमाण घन मिटरमा | न्यूनतम कवोल रकम (मु.अकर वाहेक) | दरभाउपत्र फाराम खदिर दस्तुर | उत्खनन तथा विक्री समयावधि सम्झौता भएको मितिले |
|---|---|---|---|---|---|
| ३७ (आ.१६) | **राप्ती नदी**- राप्ती वगर गढवा गा.पा. सिमाना क्षेत्र | ४४५५ | ४७२००० | १००० | १ महिना |
| ३८ (आ.१७) | **राप्ती नदी**- राप्ती वगरको पल्टेडाँडा उत्तर तर्फको क्षेत्र | ९६५२ | १०२२५०० | १००० | २ महिना |
| ३९ (आ.१८) | **राप्ती नदी**- दमारखर्क झो.पु.बाट दक्षिण तर्फ डम्रेखर्कको वगर क्षेत्र | ३३०० | ३५०००० | १००० | १ महिना |
| ४० (आ.१९) | **राप्ती नदी**- लामाताल क्षेत्र | १२९९ | १३८००० | १००० | १५ दिन |
| ४१ (आ.२०) | **राप्ती नदी/ सितखोला**- सितखोला दोभान दमारबेसी वगर | १२३७ | १३१००० | १००० | १५ दिन |
| ४२ (आ.२१) | **रङ्गसिङ्ग खोला**- भक्कुचोक देखि नयाबस्ती सम्मको क्षेत्र | १४४३७ | १५२९००० | १००० | ३ महिना |
| ४३ (आ.२२) | **रङ्गसिङ्ग खोला**- राजमार्गको पुलबाट ५०० मीटर माथि देखि शुभश्री सिमेन्ट उद्योगको पश्चिम सिमा सम्म, तिनखण्डे पुच्छार देखि देउराली क्रेसर झोलुङ्गे पुल सम्म, तिनखण्डेको माथिल्लो भाग देखि पाखापानी खोलाको संगम क्षेत्रको भाग सम्म, भालुगौडा देखि भालु गौडाको सिरान भाग सम्म | १४२८९ | १५१४००० | १००० | ३ महिना |
| ४४ (आ.२३) | **धोदरे खोला** - राजमार्गको पुलबाट ५०० मीटर देखि वरको रुख सम्मको क्षेत्र | १२३७ | १३१००० | १००० | १५ दिन |
| ४५(आ. २४) | **सुकवेल वहवेल गन्धेला खोला**- सुकवेल खोला क्षेत्र | २१९४ | २३२५०० | १००० | १ महिना |
| ४६ (आ.२५) | **सुकवेल वहवेल गन्धेला खोला**- गन्धेला खोला क्षेत्र | ५५४४ | ५८७५०० | १००० | २ महिना |
| ४७ (आ.२६) | **सुकवेल वहवेल गन्धेला खोला**- वहवेल खोला क्षेत्र | ५४४५ | ५७७००० | १००० | २ महिना |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ (आ.२७) | **सिलिङ्ग खोला**- राप्ती र सिलिङ्ग खोलाको दोभान क्षेत्र देखि धोखोला-संगम सम्म | ३६७५ | ३८९५०० | १००० | १ महिना |
| ४९ (आ.२८) | **लुङ्गी धौवा खोला** - लुङ्गी खोला (भिरंगे खोला) | ७८४० | ८३०५०० | १००० | २ महिना |
| ५० (आ.२९) | **लुङ्गी धौवा खोला** - धौवा खोला (धागुवा खोला) | ८९१ | ९४५०० | १००० | १५ दिन |
| ५१ (आ.३०) | **खयरभट्टी खोला**- रतापहरा देखि दुमई सम्म | १०२५६ | १०८७००० | १००० | २ महिना |
| ५२ (आ.३१) | **भङ्गाला खोला**- सरेपानी देखि जिर्ण भएको कुलोको बाँध सम्म (विचमा २४० मी. उ.स. नगर्ने) | ४१९५ | ४४५००० | १००० | १ महिना |
| ५३ (आ.३२) | **कोन्द्रे खोला** - दक्षिण सिमाना देखि अर्घाखाँचीको समथर सुभाग कोन्द्रे सम्म | ७०५३ | ७४७००० | १००० | १.५ महिना |

## शर्त तथा बन्देजहरु :

१. संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

२. ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन । ठेकेदार र नगरपालिका कार्यालय वीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा नगरपालिकाको निर्णय अन्तिम तथा मान्य हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन । दरभाउपत्र स्वीकृत भई सम्झौता हुँदा ऐन नियम अनुसारको शर्त तथा बन्देज समेत राखिनेछ ।

३. रोयल्टी बापत प्रति क्यु. फिट ३/- का दरले राजश्व असुल गर्नु पर्नेछ । दरभाउपत्रमा उल्लेखित न्यूनतम ठेक्का अंकमा मु.अ.कर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मूल्य अभिवृद्धि कर थप गरि रोयल्टी असुल गर्नु पर्नेछ ।

४. दरभाउपत्र स्वीकृत भए पश्चात सूचना पाएको वा टाँस भएको मितिले ७ दिनभित्र कबोल ठेक्का अंकको पुरै रकम, अग्रीम आयकर र मु.अ.कर एकमुष्ट ठेक्का सम्झौताका बखत जम्मा गर्नुपर्नेछ । यदी कबोल रकम पुरै जम्मा गर्न नसके कबोल अङ्कको ५० प्रतिशत, अग्रीम आयकर र मुअकर बुझाइ बाँकी रकम बराबरको नेपाल राष्ट्रबैंक बाट मान्यता प्राप्त वाणिज्य वैकको २०७७ आषाढ मसान्त सम्म म्याद भएको स्वीकृत बैंक जमानत पेश गर्नुपर्नेछ । बाँकी रकम कुल सम्झौताको समयावधिको आधा अवधि भित्र सम्झौतामा उल्लेख हुने समयमा बुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता नबुझाएमा बैक जमानतबाट असुल गरिने छ ।

५. ठेकेदारले नदिजन्य पदार्थ बिक्रि गर्दा घरायसी कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने कार्यहरुमा प्राथमिकता दिई उपलब्ध गराउनु पर्नेछ । कुनै आयोजना वा संस्थाले मात्र पाउने गरी बिक्रि गर्न पाउने छैन ।

६. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको रोयल्टी उठाउदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । रोयल्टी असुल गर्दा समय उल्लेख नगरी रसिद काटेमा, प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा,नक्कली रसिद, छाप र दस्तखत प्रयोग गरेको, संकलन गर्नु पूर्व लगाइएको रेखांकन नष्ट गरेको, तोकिएको मापदण्ड भन्दा गहिरो हुने गरी उत्खनन गरेको पाईएमा पहिलो पटक रु. २०,०००।-, पुन : दोहोरिएमा रु. ४०,०००।- जरिवाना र पटकै पिच्छे दोहोरिएमा धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

७. रोयल्टी असुली तोकिएको स्थानमा मात्र गर्नुपर्ने छ । राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरुमा ढाँट राखी कर लिन पाईने छैन साथै संकलन उत्खनन गरिने क्षेत्र, परिमाण, बिधि, समयावधि र दररेट सहितको होर्डिंग वोर्ड सम्बन्धित घाटमा राख्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भई सम्झौता पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्थामा बाहेक अन्य कुनै पानी,बन्द, हडताल जस्ता मानव सृजित कारणबाट सृजना हुने बन्दको अवस्थामा मार्फी मिनाहाको दावा गर्न पाईनेछैन ।

९. बिक्रि गरेको परिमाणको विवरण खुल्ने गरि महिना समाप्त भएको सात दिनभित्र नगरपालिकाबाट तोकिएको ढाँचामा नगरपालिकाको कार्यालयमा बिक्रि सम्बन्धि विवरण पेश गर्नु पर्नेछ ।

१०. तोकिएको स्थान बाहेक अन्य स्थानबाट बालुवा, छर्रि, ढुङ्गा, मिस्कट निकाल्न पाईने छैन । एक्साभेटर लगायतका यान्त्रिक उपकरणहरु प्रयोग गर्न पाइने छैन । घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

११. घाटहरुबाट बिक्रि हुने ढुङ्गा, गिट्टी, वालुवा, मिस्कटको परिमाण उल्लेख भएको नगदी रसिद प्रयोग गरी ढुवानी प्रवन्ध मिलाउनु पर्नेछ र परिमाण उल्लेख नगरी वा कम उल्लेख गरी कर असुल गरेमा पहिलो पटक रु. १०,०००।- र पुन : दोहोरिएमा रु. २५,०००।- का दरले थप रकम तिर्नु पर्नेछ ।

१२. ढुङ्गा, बालुवा, छर्री, मिस्कट निकासी गर्ने चलन चल्तीका बाटो बाहेक नयाँ बाटो खोल्न पाईने छैन । बाटो मर्मतको व्यवस्था ठेकेदारले स्वयंले गर्नुपर्नेछ । खर्चको दावा गर्न पाइने छैन ।

१३. खोला नदि खोलाको घाट वा आकृति बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । तोकिएको अवधिसम्म तोकिएको परिमाण बिक्रि हुन नसकेमा पनि सो पश्चात ठेकेदार/व्यवसायीले बिक्रि गर्न पाउने छैन र कबोल गरेको रकममा छुट पाईने छैन ।

१४. नदी बर्सी क्षेत्रमा हर्न बजाउन साथै हावा चलेको बेला संकलन तथा ढुवानी कार्य गर्न पाइने छैन । कामदारहरुका लागि प्राथमिक उपचार र मास्कको व्यवस्था मिलाउनु पर्नेछ ।

१५. खोला नदी किनार तथा आसपासका वनस्पती र जीव जन्तुलाई क्षति नपुग्ने गरी सुर्योदय देखि सुर्यास्तको समयभित्र मात्र संकलन तथा निकासी गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

१६. खोला नदीमा बाढी आएको बेला संकलन गर्न पाईनेछैन । साथै संलकन तथा ढुवानी कार्यमा स्थानीय मजदुरलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१७. ठेक्का समाप्त भएपछि आन्तरीक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिईने छ ।

१८. वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को प्रावधान बमोजिम स्वीकृत IEE का शर्तहरुले वातावरणीय प्रभाव न्युन गर्ने सम्बन्धमा पालना गर्न तोकेका शर्तहरु यस ठेक्काको शर्त मानी दुवै पक्षबाट पालना गरिनेछ ।

१९. नदिजन्य पदार्थ संकलन एंव उत्खननका लागि तोकिएको स्थानबाट तोकिएको परिमाण बराबरको नदिजन्य पदार्थ निकासी भएको भनि प्राविधिकबाट नापजांच गरी प्रतिवेदन पेश हुन आएमा वा नगदी रसिदको आधारमा तोकिएको परिमाण निकासी भएको पाईएमा जुनसुकै समयमा पनि ठेक्का रद्ध गर्न सकिनेछ ।

२०. दरभाउपत्र खरिदको लागि आफ्नो व्यवसायसँग सम्बन्धित प्रमाण पत्र, मुअकर दर्ता प्रमाण पत्रहरुको फोकोकपी संलग्न राखी निवेदन पेश गर्नु पर्ने छ ।

२१. ढुंगा, गिट्टी, वालुवा, मिस्कटको उत्खनन, संकलन तथा ढुवानी गर्दा गराउदा जिल्ला अनुगमन तथा समन्वय समिति लगायतका निकायबाट हुने रेखदेख, नियन्त्रण, नियमन, सम्पर्क, समन्वय, सहयोग सम्बन्धमा संघीय र प्रदेश सरकारको निर्णय मुताविकका प्रावधानको पालना गर्नु पर्नेछ ।

२२. यो सूचनामा उल्लेख भएका शर्तहरु यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत